बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**सामाजिक विकास कार्यालय**

धुलिखेल, काभ्रेपलाञ्चोक

## सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम' का प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/२९

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार 'सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम' सञ्चालन हुने भएको हुँदा "सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८२" बमोजिम तपसिलको कागजातहरु सहित कार्यविधिको **अनुसूची-१ को ढाँचामा आवेदन तथा उद्यमको व्यावसायिक योजना** सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८२ माघ १३ गतेसम्म) यस कार्यालयमा प्रस्ताव पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

| कार्यक्रम | प्रस्ताव पेश गर्ने विद्यालयले पुरा गर्नुपर्ने शर्तहरु |
|---|---|
| सामुदायिक विद्यालयमा सिक्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रम | १. कार्यक्रम सञ्चालनका लागि प्रचलित कानुन बमोजिम निर्धारित (कक्षा ९-१२सम्म) विद्यार्थी संख्याको कम्तिमा ५० प्रतिशत विद्यार्थी भर्ना पुरा भएको,<br>२. सम्बन्धित स्थानीय तहले लागत साझेदारी गर्न सक्ने अवस्था भएमा सोको प्रतिवद्धता पत्र उपलब्ध गराएको,<br>३. प्रस्तावित कार्यक्रमको लागि आवश्यक पर्ने अनुसूची-१ बमोजिमको जग्गा तथा अन्य पूर्वाधार भएको,<br>४. प्राविधिक विषय पढाइ भइरहेको विद्यालयले सोही विषय क्षेत्रमा नै र साधारण धार सञ्चालन भएका विद्यालयहरुले स्थानीय हावापानी र भूगोल अनुरुप हुने गरी वस्तु तथा सेवा उत्पादनका लागि कार्यक्रम प्रस्ताव पेश गरेको,<br>५. कृषि र पशु विज्ञान विषयको कार्यक्रम सञ्चालन गर्ने विद्यालयले उक्त प्रयोजनका लागि कम्तिमा ३ रोपनी जग्गा भएको प्रमाण पेश गर्नु पर्नेछ। विद्यालयले आफ्नो नाममा जग्गा भए जग्गा धनी पुर्जा र जग्गा भोगाधिकार वा भाडामा लिएको भए कम्तिमा ५ वर्ष जग्गा उपलब्ध गराउने गरी भएको करार सम्झौता,<br>६. विद्यालयले व्यावसायिक योजना बनाई विद्यार्थीको व्यावसायिक क्लब वा व्यावसायिक सिकाइ समुह गठन गरेको,<br>७. कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता भएको,<br>८. कार्यविधिको दफा ११ मा उल्लेखित कार्यक्रमका क्षेत्रमध्ये कुनै एक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव पेश गरेको,<br>९. प्रदेश सरकारको स्रोतबाट प्रदान गरिने अनुदानमा संघीय सरकार/निकाय/आयोग, स्थानीय तह र प्रदेशका अन्य कुनै निकायबाट यस कार्यक्रमका लागि हालसम्म अनुदान नलिएको स्व:घोषणा पेश गर्नु पर्ने। |
| | **प्रस्तावनाका साथ पेश गर्नुपर्ने कागजातहरु:**<br>१. प्रस्तावित बजेटको कार्यान्वयन योजना<br>२. स्थानीय तहबाट कार्यक्रमका लागि आवश्यक सहयोगको प्रतिवद्धता, सम्बन्धित वस्तु तथा सेवा उत्पादन गर्ने व्यावसायिक फर्महरु भए नभएको खुल्ने गरी स्थानीय आवश्यकताको विश्लेषण सहितको सिफारिस पत्र<br>३. सम्बन्धित स्थानीय तहले लागत साझेदारी गर्न सक्ने अवस्था भएमा लागत साझेदारी गर्न सक्ने रकम उल्लेख भएको प्रतिवद्धता पत्र,<br>४. जग्गाधनी प्रमाण पुर्जा, भोगाधिकार, लिजमा लिएको प्रमाण<br>५. शैक्षिक सत्र २०८१ र २०८२ को IEMIS अनुसार कक्षागत रुपमा विद्यार्थी संख्या खुलेको विवरण (स्थानीय तहबाट प्रमाणित प्रति)<br>६. यस कार्यका लागि अन्य कुनै निकायबाट हालसम्म अनुदान नलिएको विद्यालयको स्व:घोषणा पत्र<br>७. विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भई हालसम्म म्याद कायम रहेको पदाधिकारीहरुको नामनामेसी विवरण खुलेको स्थानीय तहको प्रमाणित पत्र,<br>८. कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि<br>९. प्राविधिक धार सञ्चालन भएको विद्यालयले सो सम्बन्धी अनुमति पत्र<br>१०. कार्यरत शिक्षक/प्रशिक्षकहरुको शैक्षिक योग्यता सहितको विवरण<br>११. प्रस्तावनामा उल्लेख गरिएका विवरण पुष्टि हुने थप कागजातहरु तथा तस्बीरहरु<br>१२. अनुसूची-२ बमोजिमको मूल्याङ्कनका सूचकहरुलाई पुष्टि हुने प्रमाणित कागजातहरु। |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। साथै विगत वर्षहरुमा यो कार्यक्रमबाट लाभ लिइसकेका विद्यालयहरुलाई दोहोर्‍याएर पुन: छनोट गरिने छैन। | |

**पुनश्च:** सम्बन्धित कार्यविधि लगायत यस सूचनाको विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट https://sdokavre.bagamati.gov.np/ हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८४७१२३३८१ वा ९८५१४०१३२६ मा सम्पर्क गर्न सकिनेछ।

माया पयाक